# मानव–बाँदर

## द्वन्द्व र व्यवस्थापन सम्बन्धी नीतिगत सुझावहरू



## नेपालमा मानव–बाँदर द्वन्द्वको अवस्था

पर्यावरणीय सन्तुलन र मानव वन्यजन्तु सहअस्तित्वका लागि मानव र वन्यजन्तुबीचको द्वन्द्व विश्वव्यापी रूपमा सबैभन्दा गम्भीर र चुनौतीपूर्ण समस्याको रूपमा देखापरेको छ । नेपालजस्तो कृषि-प्रधान देशमा मानव-वन्यजन्तु द्वन्द्वको प्रमुख कारकको रूपमा रातो बाँदर देखिएको छ ।

रातो बाँदरको कारणले गर्दा हुने बालीनालीको क्षति तराई, पहाडी तथा हिमाली भेगका अधिकाँश क्षेत्रहरूमा देखिएको छ । रातो बाँदरको कारणले बालीनालीमा भएको क्षति र बढ्दो सामाजिक असुरक्षाको कारण कृषकहरूमा निराशा बढ्दै गएको छ । यस समस्यालाई निवारण गर्न नेपाल सरकारले स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म समय-समयमा विभिन्न समाधानको प्रतिबद्धताहरू व्यक्त गरेता पनि सार्थक नीति तथा त्यसको प्रभावकारी कार्यान्वयनको अभाव देखिन्छ । हालसम्म बढ्दो मानव-बाँदर द्वन्द्वलाई न्यूनीकरण गर्न कुनै स्पष्ट, व्यवहारिक र दीर्घकालीन समाधानका उपायहरूको बारेमा कुनै रणनीति बनाईएको छैन ।

## नेपालमा पाईने बाँदरका प्रजाति

नेपालमा चार प्रजातिका बाँदरहरू पाइन्छन्- पहरे (आसामी) बाँदर, नेपाली लंगूर, तराई लंगूर र रातो बाँदर । पहरे र लंगूर प्रजातिका बाँदरहरू प्रायजसो वन क्षेत्रमा सीमित हुन्छन् । यिनीहरूले नेपालको केही स्थानहरु बाहेक मानिसहरूलाई दु:ख दिएको वा बालीनालीमा क्षति गरेको देखिँदैन । तर मानव-बाँदर द्वन्द्वको प्रमुख कारकका रूपमा रातो बाँदर देखिएको छ । रातो बाँदर छोटो समयमै नयाँ बासस्थानमा अनुकूलन गर्न सक्ने क्षमता भएका तथा अवसरवादी स्वभावका हुन्छन् । यिनीहरू साधारणतया खेतबारी वरपरीको वनजंगलमा बस्न रुचाउँछन् । यिनीहरुले खेतबारी, घरआँगन तथा सार्वजनिकस्थलहरूमा सजिलै खानेकुराहरु पाउने भएकाले यिनीहरूबाट द्वन्द्व सिर्जना भएको देखिन्छ । साथै मानिसहरूले विभिन्न बाहानामा यिनीहरूलाई खानेकुरा खुवाउने गर्नाले यिनीहरूको आनीबानी परिबर्तन हुनु र यिनीहरुको प्राकृतिक शिकारी जनावरको संख्यामा पनि कमी भएकाले रातो बाँदरको संख्यामा अत्याधिक वृद्धि भई मानिस र बाँदर बीच द्वन्द्व बढेको छ ।



**रातो बाँदर**
*(Macaca mulatta)*



**पहरे बाँदर**
*(Macaca assamensis)*



**नेपाली लंगूर**
*(Semnopithecus schistaceus)*




**तराई लंगूर**
*(Semnopithecus hector)*

# मानव-बाँदर द्वन्द सम्बन्धि गरिएको अध्ययनको सारांश


सन् २०२५ मा गरिएको अध्ययनमा रातो बाँदरको कारणले नेपालको मध्यपहाडी क्षेत्रमा विगत १०/१५ वर्षदेखि मानव-बाँदर द्वन्द्व प्रमुख समस्याको रूपमा देखिएको छ। यस क्षेत्रमा रातो बाँदरको समुहमा अधिकतम् संख्या १९८ र औसत संख्या ४३ वटासम्म रहेको पाइएको छ।

नेपालका ६ प्रदेशका ४४ पालिकाहरूमा १,८४६ कृषकहरूमा गरिएको सर्वेक्षणमा ९८% ले रातो बाँदरलाई मुख्य समस्याको कारक भएको बताएका छन्। उक्त अध्ययनमा रातो बाँदरको कारणले कृषकहरूको वार्षिक करिब ५ करोड रुपैयाँ बराबरको बालीनाली नष्ट गरेको पनि बताएका छन्, जसमा मकै सबैभन्दा बढी (५३%) क्षति भएको बाली रहेको छ भने धान, गहुँ, तोरी, कोदो, अलैंची, सुन्तला जस्ता अन्य बालीहरूमा पनि उत्पादनको २० देखि ३२% सम्म क्षति भएको पाईएको छ। विशेष गरी खेतीपातीको नजिक उच्च वन घनत्व र रातो बाँदरको संख्या समेत धेरै भएको ठाउँहरुमा यसको द्वन्द्व मानिससंग बढी देखिन्छ।




*बाँदरबाट बालीनालीमा भएको कुल आम्दानीको आर्थिक क्षतिको प्रतिशत (%)*

कृषकहरूले बाँदरहरुबाट भएको क्षति न्यूनीकरणको लागि गरिरहेका प्रयासहरू प्रभावकारी हुन नसकेका कारणले अवैध वा जोखिमपूर्ण उपायहरू अपनाउदै आएका छन्। जसले मानव सुरक्षामा समेत खतरा बढाएको छ। तसर्थ नेपाल सरकारबाट तत्काल मानिस र बाँदर बीच भएको द्वन्द्व न्यूनीकरण गर्न एकीकृत व्यवस्थापनको ढाँचामा व्यवस्थित कानुनी मापदण्ड अन्तर्गत अन्तिम विकल्पको रुपमा केही संख्यामा Culling द्वारा व्यवस्थापन गर्न आवश्यक छ।




*मानव-बाँदर द्वन्द्व अध्ययन गरिएका नेपालको मध्य-पहाडी क्षेत्रका पालिकाहरु (२०२५)*

# मानव-बाँदर द्वन्द्व व्यवस्थापनका चुनौतीहरू

मानव-बाँदर द्वन्द्व व्यवस्थापनमा हाल प्रयोग भइरहेका बाँदर धपाउने, स्थानान्तरण गर्ने र क्षतिपूर्ति दिने जस्ता उपायहरू प्रभावहीन देखिएका छन् । साथै अनुमति बिना बाँदर मार्न प्रयोग भएका विद्युतीय धराप, प्रविधिक दक्षता बिना समाउने वा क्रुर तरिकाले मार्ने अभ्यासले मानव जीवनमा समेत गम्भीर जोखिम बढाइरहेको छ । क्षतिपूर्ति संयन्त्रले कृषकहरूलाई केही राहत उपलब्ध गराएता पनि यसको लागत वितरणमा असमानता र दीर्घकालीन दिगोपनसँग आर्थिक चुनौतीहरू कायमै छन्। रातो बाँदर बन्ध्याकरण कार्यक्रम आर्थिक स्रोतको व्यवस्थापन, न्यायोचित तथा कानुनी प्रक्रिया र कार्यान्वयनका हिसाबले जटिल भएता पनि केही द्वन्द्वग्रस्त क्षेत्रहरुमा परीक्षणको रुपमा गर्न सकिन्छ। अन्य देश जस्तै भारत, हङकङमा गरिएका यी उपायहरू द्वन्द्व न्युनीकरण गर्न अपर्याप्त देखिएकाले रातो बाँदरको संख्या तत्काल नियन्त्रण गर्नुको विकल्प छैन ।



मानव-बाँदर द्वन्द्व झल्काउने तस्बिरहरू

## मानव-बाँदर द्वन्द व्यबस्थापनको लागि नीतिगत सुझावहरु

**मानव-बाँदर द्वन्द व्यबस्थापनको लागि नीतिगत सुझावहरु**

१. **बाँदरको संख्या व्यवस्थापन (Population Management) गर्ने :** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा वन्यजन्तुले मानिसको जीविकोपार्जनमा क्षति पुर्याउँदा उक्त जनावरहरुलाई नियन्त्रण लिन वा मार्न सकिने व्यवस्था रहेको छ र हालसालै नेपाल सरकारले रातो बाँदरलाई कृषि हानीकारक जनावरको रुपमा घोषणा गरेको छ । त्यसैले हालको अवस्थामा रातो बाँदरको संख्या व्यवस्थापन गर्नुपर्दछ र त्यसका लागि निम्न प्रकृयाहरू अवलम्बन गर्न सकिनेछ :-

- बाँदरले सबैभन्दा बढी क्षति पुऱ्याएको/पुऱ्याउन सक्ने स्थान र समूहको पहिचान गर्ने ।
- बाँदरको संख्याको वैज्ञानिक आधारमा नियन्त्रण (Culling) गर्ने ।

यो विधि दीर्घकालीन रूपमा उच्च द्वन्द्व भएका क्षेत्रहरू जहाँ अन्य अभ्यासहरू असफल भएका छन् त्यस्ता ठाउँहरुमा लागू गर्ने ।

बाँदरको संख्या व्यवस्थापन सरकारी अनुमति लिएर प्रशिक्षित जनशक्तिबाट गर्ने/गराउने ।

२. **वन्यजन्तुबाट हुने क्षतिको राहत व्यवस्थापन गर्ने :** रातो बाँदरबाट बालीनालीमा भएको क्षतिको लागि दिने राहतको प्रक्रियालाई सरल, समान पहुँचयुक्त र दिगोपनकालागि व्यक्तिगत, सामुदायिक वा व्यवसायिक बीमा गर्न प्रोत्साहित गर्ने ।

३. **रैथाने जङ्गली फलफूलका बिरुवाहरू लगाउन प्रोत्साहन गर्ने :** बाँदरलाई वनभित्र राख्न र बस्ती तथा खेतबारीबाट टाढा राख्न रैथाने वनस्पति तथा फलफूलको वृक्षारोपण गर्ने, वनजङ्गल र कृषि क्षेत्रबीच Buffer zone बनाउने, वनजङ्गल तथा बाटोको वरिपरि फोहर व्यवस्थापन नियमन गर्ने र बस्ती, सडक, धार्मिक स्थल लगायत अन्य क्षेत्रमा बाँदरलाई खानेकुरा दिने कार्य बन्द गर्ने ।

४. **समुदायमा आधारित बाली संरक्षण प्रवर्द्धन गर्ने** : व्यवस्थित तारबार, विभिन्न जनावरहरुको आवाज निकाल्ने उपकरण, लगायत अन्य प्रभावकारी गैर-प्राणघातक उपायहरू, सामुदायिक निगरानी र बाली विविधीकरण प्रयोग गरी बाली संरक्षण प्रवर्द्धन गर्ने ।

५. **रातो बाँदरलाई अनुसन्धानमा प्रयोग गरी आम्दानीको स्रोतको रूपमा प्रयोग गर्ने** : नीतिनियम बनाइ, कानुनी र संस्थागत अनुगमन गरी रातो बाँदरलाई बायोमेडिकल अनुसन्धानमा नेपाल वा नेपाल बाहिर विभिन्न प्रयोगशलाहरुमा उपयोग गर्न सकिने बारे सम्भाव्यता अध्ययन गर्ने ।

६. **बन्ध्याकरण कार्यक्रम लागू गर्ने** : रातो बाँदरको संख्या बढी भएको क्षेत्रहरूमा कुनै समूह भित्र बन्ध्याकरण वा गर्भनिरोधक कार्यक्रम सञ्चालन गर्ने ।

७. **द्वन्द्वग्रस्त क्षेत्रहरूको वर्गीकरण गरी व्यवस्थापन रणनीति अवलम्वन गर्ने** : बालीनाली क्षतिको परिमाण, कृषकहरूको गुनासो, स्थानीय सरकारका अभिलेख र बाँदरको संख्याको आधारमा द्वन्द्वग्रस्त क्षेत्रहरूको (Conflict hotspots) वर्गीकरण गरी बाँदर व्यवस्थापनको लागि अति प्रभावित स्थानमा बाँदर व्यवस्थापनको कार्यक्रम तत्काल लागू गर्न त्यसको सम्भाव्यता बारे अध्ययन गर्ने ।

| अल्पकालीन व्यवस्थापनका उपायहरु (१ देखि ३ वर्ष) | दीर्घकालीन व्यवस्थापनका उपायहरु (५ देखि १० वर्ष) |
|---|---|
| १) मानव-बाँदर द्वन्द्वलाई मुख्य समस्याको रुपमा घोषणा गर्ने ।<br>२) द्वन्द्वग्रस्त क्षेत्रहरूको (Conflict hotspots) नक्साङ्कन र बाँदरको संख्याको विवरण सङ्कलन गर्ने ।<br>३) तत्काल बाली संरक्षणका उपयुक्त उपायहरू अवलम्बन गर्ने ।<br>४) राहत प्रणालीमा सुधार गरी यथाशीघ्र कार्यान्वयन गर्ने ।<br>५) बाँदर धपाउन प्रयोग गरिएका असुरक्षित अभ्यासहरू नियन्त्रण गर्ने ।<br>६) वन क्षेत्रलाई मिस्रित वनको रुपमा संरक्षण र व्यवस्थापन गर्ने । | १) राष्ट्रिय एकीकृत बाँदर व्यवस्थापन समिति स्थापना गर्ने ।<br>२) वैज्ञानिक तथ्याङ्कमा आधारित बाँदरको संख्या Culling विधीबाट नियन्त्रण र नियमन गर्ने ।<br>३) वन क्षेत्रमा जङ्गली फलफूलको वृक्षारोपण तथा संरक्षण गर्ने ।<br>४) समुदायमा आधारित मानव-बाँदर सह-अस्तित्वका रणनीतिहरू प्रवर्द्धन गर्ने ।<br>५) बाँदरलाई बायोमेडिकल अनुसन्धानका लागि प्रयोग गर्ने र आम्दानीको स्रोत बनाउने अवसरहरूको अध्ययन गर्ने ।<br>६) एकिकृत बस्तीको नीतिगत व्यवस्था गरी पुर्णरुपमा लागु गर्ने । |

राष्ट्रिय प्रकृति संरक्षण कोष
National Trust for Nature Conservation

प्राणीशास्त्र केन्द्रिय विभाग, त्रि.वि.
Central Department of Zoology, T.U.